# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मितिः २०७९।११।१२ गते ।

## प्रेस विज्ञप्ति

### विषयः आरोपपत्र दायर गरिएको।

जिल्ला मुगु, छायाँनाथ रारा नगरपालिका वडा नं. ११ स्थित स्वास्थ्य चौकीमा ग्याविन पर्खाल निर्माण गर्दा नक्कली विल भरपाई बनाई रकम हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्वन्धमा अनुसन्धान हुँदा ग्याविन पर्खाल निर्माण कार्य गर्दा हुँदै नभएको कार्यलाई नापी किताव, कार्य सम्पन्न प्रतिवेदन र झुट्टा भरपाई बनाई रु. रु.७,५७,३०७।६२ (सात लाख सन्ताउन्न हजार तीन सय सात रुपैयाँ बैसठ्ठी पैसा) रकम भुक्तानी लिने दिने कार्य गरी नेपाल सरकारलाई हानि नोक्सानी गरेको देखिँदा छायाँनाथ रारा नगरपालिकाका तत्कालिन निमित्त प्रमुख प्रशासकीय अधिकृत ललितजङ्ग मल्ल, इन्जिनियर पदम बहादुर बुढा र सव-ओभरसियर (करार) गड बहादुर बुढालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसुरमा रु.७,५७,३०७।६२ (सात लाख सन्ताउन्न हजार तीन सय सात रुपैयाँ बैसठ्ठी पैसा) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र विगो बमोजिमको जरिवाना गरी विगो असुल उपर गर्न मागदाबी लिइएको छ।

यसैगरी छायाँनाथ रारा नगरपालिकाका तत्कालीन नगर उप-प्रमुख तथा अनुगमन समितिका संयोजक सुन्तला रोकाया, १३ नं. वडा कार्यालयका तत्कालीन वडा अध्यक्ष तथा अनुगमन समितिका सदस्य चक्र बहादुर सावत, तत्कालीन कार्यपालिकाका सदस्य तथा अनुगमन समितिका सदस्यहरु हजरकला कामी र हरिनी नेपालीले हुँदै नभएको कार्यलाई निर्माण सम्पन्न भएको भनी गलत अनुगमन प्रतिवेदन प्रतिवेदन पेश गरी रकम भुक्तानी लिने दिने कार्य गरी रु.७,५७,३०७।६२ (सात लाख सन्ताउन्न हजार तीन सय सात रुपैयाँ बैसठ्ठी पैसा) रकम हिनामिना गरी नेपाल सरकारलाई हानि नोक्सानी गरेको देखिन आएकोले निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना गर्न मागदाबी लिइएको छ।

साथै, छायाँनाथ रारा नगरपालिका, वडा नं. ११ का तत्कालीन वडा अध्यक्ष दान बहादुर बुढाले नभए नगरेका कुरा देखाई गलत सिफारिस गरी रकम भुक्तानी लिने दिने कार्य गरी रु.७,५७,३०७।६२ (सात लाख सन्ताउन्न हजार तीन सय सात रुपैयाँ बैसठ्ठी पैसा) रकम हिनामिना गरी नेपाल सरकारलाई हानि नोक्सानी गरेको देखिन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिम कैद र विगो बमोजिम जरिवाना गर्न मागदावी लिइएको छ।

यसैगरी उपभोक्ता समितिका अध्यक्ष जीवन बहादुर बुढा, सचिव केश बहादुर बुढा र कोषाध्यक्ष सृजना बढुवालले स्वास्थ्य चौकी ग्याविन पर्खाल निर्माण कार्य गर्दा झुट्टा भरपाई बनाई रकम भुक्तानी लिने दिने कार्य गरी रु. ७,५७,३०७।६२ (सात लाख सन्ताउन्न हजार तीन सय सात रुपैयाँ बैसठ्ठी पैसा) रकम हिनामिना गरी नेपाल सरकारलाई हानि नोक्सानी गरेको देखिँदा निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा रु.७,५७,३०७।६२ (सात लाख सन्ताउन्न हजार तीन सय सात रुपैयाँ बैसठ्ठी पैसा) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी विगोसमेत जफत गर्न मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८, दफा २९ र दफा ३५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी